# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४)   पोखरा, जेठ ५ गते,२०७८ साल  (अतिरिक्ताङ्क ०९

## भाग ३

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ८ ले दिएको अधिकार प्रयोगगरी सो नियमावलीको अनुसूची १ र अनुसूची २ मा देहाय बमोजिम हेरफेर गरेको छः-

१. अनुसूची १ को सट्टा देहायको अनुसूची १ राखिएको छः-

**अनुसूची १**

**प्रदेशमा रहने मन्त्रालयहरु**

| क.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | अर्थ मन्त्रालय |
| ३. | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय |
| ४. | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय |
| ५. | पर्यटन, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ६. | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय |
| ७. | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय |
| ८. | युवा तथा खेलकुद मन्त्रालय |
| ९. | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय |
| १०. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ११. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

२. अनुसूची २ को सट्टा देहायको अनुसूची २ राखिएको छः-

**अनुसूची २**

**प्रदेशमा रहने मन्त्रालयहरुको कार्य जिम्मेवारी**

| **१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | |
|---|---|
| **क.स.** | **कार्य जिम्मेवारी** |
| १. | प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी |
| २. | प्रदेश भित्रको शासन व्यवस्थाको समान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन |
| ४. | प्रदेश सरकारको नीति, योजना तर्जुमा,स्वीकृति, कार्यान्वयन अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन |
| ७. | प्रदेश मन्त्रिपरिषद्का निर्णयको प्रमाणीकरण, कार्यान्वयन र अनुगमन |
| ८. | प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा,स्वीकृति तथा प्रमाणीकरण |
| ९. | प्रदेश भित्रको राजनितिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अध्यावधिक जानकारी र सम्बोधन |
| १०. | मानव अधिकारको संरक्षण र प्रर्वद्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १२. | संङ्घीय संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र गण्डकी विकास प्राधिकरण र अन्य सङ्घीय, प्रादेशिक आयोगसँग सम्पर्क र समन्वय |
| १३. | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५. | प्रदेश संसदको अधिवेशन आह्वान र अन्त्य सम्बन्धी |
| १६. | अन्तरप्रदेश परिषद्, अन्तरप्रदेश समन्वय, प्रदेश समन्वय परिषद र संङ्घ तथा स्थानीय तहसँगको समन्वय र अन्तर्सम्बन्ध |
| १७. | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम सञ्चालन र |

| | |
|---|---|
| | पदाधिकारीहरुको नियुक्ति एवं सेवा सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १८. | स्थानीय तहका पदाधिकारीको सेवा, सुविधा सम्बन्धी, स्थानीय सेवा तथा कार्यालय व्यवस्था सम्बन्धी कानून तर्जुमा |
| १९. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| २०. | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| २१. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन, कर्मचारी प्रशासन र अभिलेख व्यवस्थापन |
| २२. | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, स्वीकृति र व्यवस्थापन परीक्षण |
| २३. | प्रदेशस्तरीय तालीम सम्बन्धी नीति, मापदण्ड निर्धारण, स्तरीकरण, तालीम सञ्चालन तथा राष्ट्रिय र प्रदेशस्तरीय तालीम केन्द्रसँग सम्पर्क एवं समन्वय |
| २४. | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन |
| २५. | प्रदेशको आवधिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रदेशको तथ्याङ्क व्यवस्थापन |
| २६. | राष्ट्रिय तथा अन्तरप्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |
| २७. | प्रदेशको मध्यकालिन खर्च संरचना |
| २८. | दिगो विकास लक्ष्य कार्यान्वयन, अनुगमन तथा मूल्याङ्गन, समन्वय, सहजिकरण र स्रोत व्यवस्थापन |
| २९. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य |
| ३०. | अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| ३१. | सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क,सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| ३२. | प्रदेश प्रहरी सम्बन्धी कानून तर्जुमा, प्रदेश प्रहरीको सञ्चालन, व्यवस्थापन र नियमन |
| ३३. | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय |

| | |
|---|---|
| ३४. | सामुदायिक प्रहरी |
| ३५. | प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| ३६. | अन्तराष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तराष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ३७. | सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजना तथा विष्फोटक पदार्थको नियमन |
| ३८. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| ३९. | निवारक नजरवन्द र स्थानहद सम्बन्धी |
| ४०. | उपाधी, सम्मान तथा विभूषण सिफारिस |
| ४१. | प्रदेशस्तरमा सार्बजानिक बिदा, उत्सव, उर्दि आदिको व्यवस्थापन |
| ४२. | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रदेश विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन, स्थानीय विपद कोषमा सहयोग, तथ्याङ्क ब्यवस्थापन, अध्ययन तथा अनुसन्धान, विपद जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रदेशको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४३. | प्रदेश अनुसन्धान व्युरो |
| ४४. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरुको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी |
| ४५. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापना सम्बन्धी |

**२. अर्थ मन्त्रालय**

| **क्र.स** | **कार्यजिम्मेवारी** |
|---|---|
| १. | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३. | प्रदेशस्तरको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ती, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५. | प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी वाँकी रकमको लगत तथा असुल उपर |
| ६. | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्यन र नियमन |

| | |
|---|---|
| ७. | सङ्घीय नीति अनुरुप सहवित्तीयकरण |
| ८. | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन |
| ९. | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १०. | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन |
| ११. | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी |
| १२. | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १३. | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १४. | प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखा परीक्षण |
| १५. | घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन,बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १६. | संङ्घीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण |
| १७. | प्रदेशको कर प्रणालीको राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १८. | सङ्घसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| १९. | बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २०. | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २१. | आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र सो सम्बन्धी अन्य कार्य |
| २२. | दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग, लैङ्गिक बजेट कोडिङ्ग र जलवायु बजेट कोडिङ्ग |
| **३. उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय** | |

| क्र.स | कार्यजिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, खानेपानी,जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन |
| २. | प्रदेशस्तरमा उर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |
| ३. | उर्जा, विद्युत, सिंचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन |
| ४. | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन |
| ५. | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ६. | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| ७. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |
| ८. | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |
| ९. | जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| १०. | प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन |
| ११. | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १२. | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |
| १३. | खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |

**४. कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय**

| क्र.स | कार्यजिम्मेवारी |
|---|---|
| १. | प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी |
| २. | प्रदेश सम्बन्धी कानून निर्माणमा राय, परामर्श |

| | |
|---|---|
| ३. | कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी |
| ४. | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग |
| ५. | निशुल्क कानूनी सहायता सम्बन्धी |
| ६. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| ७. | प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरुको अभिलेख र समन्वय |
| ८. | विवाद व्यवस्थापन |
| ९. | फौजदारी कार्यविधि कानूनको कार्यान्वयन |
| १०. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| ११. | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ती सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| १२. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| १४. | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १५. | छापा सञ्चार माध्यम र इन्टरनेटमा आधारित अनलाइन संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन |
| १६. | प्रेस सूचना प्रवाह, सूचना सामाग्रीको उत्पादन, प्रकाशन र वितरण |
| १७. | श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन |
| १८. | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| १९. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| २०. | साइवर सुरक्षा अनुगमन |
| २१. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्ध्दन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| २२. | प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |
| २३. | केबुलमा आधारित टेलिभिजनको इजाजत, नवीकरण र नियमन |
| २४. | सूचनाको हक सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |

| | |
|---|---|
| २५. | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन |
| **५. पर्यटन, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय** | |
| **क्र.स** | **कार्यजिम्मेवारी** |
| १. | पर्यटन विकासको नीति,कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| २. | प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक र अन्य पर्यटन सम्बन्धी |
| ३. | पर्यटक प्रहरी व्यवस्थापन |
| ४. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ एजेन्सी, गाइड, -र्याफिटिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन |
| ५. | होमस्टे सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण तथा विकास प्रबद्धन नियमन |
| ६. | पर्यटकीय पूर्वाधार,गन्तब्य र उपजको विकास,विविधिकरण,प्रवर्द्धन र नियमन |
| ७. | पर्यटकीय सेवाको  विकास, विविधिकरण, प्रवर्द्धन र नियमन |
| ८. | पर्यटन सेवाको ब्राण्डिङ्ग र  प्रवर्द्धन |
| ९. | पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रसँग अग्र र पृष्ठ सम्बन्ध विकास र विस्तार |
| १०. | व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रदेश नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन र सेन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण |
| ११. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रर्बद्धन, सहजिकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान |
| १२. | ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| १३. | आर्थिक तथा औद्योगिक बिषयका करार जन्य सम्झौता |
| १४. | व्यापारिक फार्महरुको दर्ता,नवीकरण खारेजी र नियमन |
| १५. | खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रदेश नीति, कानून र मापदण्ड। |
| १६. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी कार्य |
| १७. | प्रदेशका कल कारखाना र औद्योगिकरणको सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १८. | उद्योग दर्ता, अनुमति, नवीकरण एबम खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यावसायको प्रर्बद्धन र नियमन |
| १९. | प्रदेशस्तरको औद्योगिक क्षेत्रको भौतिक पूर्बाधार विकास सम्बन्धी योजना |

| | |
|---|---|
| | तर्जुमा र कार्यन्वयन तथा औद्योगिक क्षेत्र बिषेश आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र बिस्तार |
| २०. | औद्योगिक वस्तुको निर्यात प्रर्बद्धन |
| २१. | उपभोक्ता हित संरक्षण तथा प्रर्बद्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यन्वयन तथा अनुगमन |
| २२. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण तथा नियमन |
| २३. | सङ्घीय मापदण्ड अनुसार स्टान्डर्ड नापतौल, गुणस्तर परीक्षण र नियमन |
| २४. | प्रदेश तथा जिल्लास्तरका उपभोक्ता अदालत गठन र सञ्चालन |
| २५. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तुको माग र आपूर्ति सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन, सूचना सङ्कलन, बिश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्था, मौज्दात व्यवस्था र आपुर्तिमा अन्तरप्रदेश र स्थानीय तह बीच समन्वय |
| २६. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| २७. | करार साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति कानून मापदण्ड कार्यान्वयन र नियमन |
| २८. | सङ्घ संगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानून तर्जुमा तथा कार्यन्वयन, नियमन र कम्पनी प्रशासन |
| २९. | दामासाहीमा परेका उद्योग, व्यवसायी, कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३०. | प्रदेशस्तरमा हानीकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| ३१. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| ३२. | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी |
| ३३. | प्रदेशभित्रका साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| ३४. | औद्योगिक तथा व्यापार प्रदर्शनी को आयोजना तथा व्यवस्थापन |
| ३५. | उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकको उपयोग |
| ३६. | स्वरोजगारका लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलितयत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |
| **६. भूमि व्यवस्था,कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय** | |
| **क्र.स** | **कार्यजिम्मेवारी** |
| १. | कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषण सम्बन्धी |

| | |
|---|---|
| | प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण |
| ३. | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन |
| ४. | कृषि तथा पशु यान्त्रिकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५. | कृषि तथा पशुरोग निदान, प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६. | कृषिउपज, कृषिजन्य वस्तु , पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामाग्री तथा बिउबिजन तथा नश्ल सम्बन्धी सेवा र प्रविधको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७. | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |
| ८. | कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान, विशेषज्ञ सेवा, तथ्याङ्क प्रणालीको विकास |
| ९. | कृषि मल, बिऊ र विषादी आपूर्ति व्यवस्था र नियमन |
| १०. | कृषि र पशु प्रसार, कृषक तालीम तथा क्षमता विकास र सशक्तीकरण |
| ११. | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२. | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३. | कृषि बजार, पूर्वाधार र कृषिफार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन |
| १४. | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५. | सामुहिक खेती, सहकारी खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन |
| १६. | चरन तथा खर्क सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १७. | कृषिजन्य र पशुपन्छीजन्य औषधी, बिषादी र सूक्ष्म पोषणत्तवयुक्त वस्तुको व्यवस्थापन सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति र नियमन |
| १८. | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग र वर्गीकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति कानून तथा मापदण्डको तर्जुमा कार्यान्वयन र नियमन |
| १९. | निजी सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २०. | जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१. | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा |

| | |
|---|---|
| | प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| २२. | नापनक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना |
| २३. | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन |
| २४. | भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलियाआदि वर्गको बसोवास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २६. | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| २७. | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण,अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय |
| २८. | गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन गरिब घरपरिवार पहिचान सामाजिक सुरक्षा र संरक्षण |
| २९. | सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३०. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३१. | सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य |
| ३२. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिबृद्धि र परिचालन |
| ३३. | गरीबी निवारण सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन |
| ३४. | गरीबी निवारण सम्बन्धी अन्तर मन्त्रालय तथा अन्तर निकाय समन्वय |
| **७. भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय** | |
| **क्र.स** | **कार्यजिम्मेवारी** |
| १. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा कार्यान्वयन र नियमन |
| २. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |

| | |
|---|---|
| ३. | सडक, निर्माण, मर्मत तथा संभार |
| ४. | शहरी विकास |
| ५. | जनता आबास |
| ६. | झोलुङ्गेपूल |
| ७. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| ८. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति पत्र र नवीकरण |
| ९. | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन |
| १०. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| ११. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |
| १२. | प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन |
| १४. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| १५. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन |
| १६. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण, प्रदेश सरकारका पदाधिकारी र प्रदेश सभाका सभामुख, उपसभामुख र सदस्यको आवास सम्बन्धी व्यवस्था |
| १७. | सुरक्षितबसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |
| **८. युवा तथा खेलकुद मन्त्रालय** | |
| **क्र.स** | **कार्यजिम्मेवारी** |
| १. | युवासम्बन्धी प्रदेश नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| २. | खेलकुद सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ३. | खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन |
| ४. | प्रदेश खेलकुद परिषद सम्बन्धी |
| ५. | जिल्ला खेलकुद परिषद सम्बन्धी |

| | |
|---|---|
| ६. | युवा र खेलकुद सम्बन्धी अन्य गतिविधि |
| **९. वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय** | |
| **क्र.स** | **कार्यजिम्मेवारी** |
| १. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण |
| ३. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| ४. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| ५. | जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| ६. | जडिबुटि खेती सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जडिबुटि खेती प्रविधि प्रवर्द्धन, प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन |
| ७. | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| ८. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग |
| ९. | प्रदेशस्तरका बनस्पती उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पती पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन |
| १०. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभाशं बाँडफाँड |
| ११. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन |
| १२. | प्रदेश भित्र भूस्खलन नियन्त्रण |
| १३. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन |
| १४. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन |
| १५. | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार र वातावरणीय सूचना प्रणालीको स्थापना |
| १६. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशाला स्थापना, सञ्चालन र व्यवस्थापन |
| १७. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन तथा नियन्त्रण |

| | |
|---|---|
| १८. | प्रदेशस्तरमा न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन |
| १९. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन |
| २०. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण |
| २१. | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन |
| २२. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |
| २३. | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनारा वृक्षारोपण व्यवस्थापन |
| २४. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय विउ उत्पादन, विउ वगैचा संस्थापना र व्यवस्थापन |
| २५. | प्रदेशभित्र बृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६. | प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| २७. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन |
| २८. | ताल विकास प्राधिकरण र वन, वातावरण तथा भूसंरक्षण सम्बन्धी सङ्घ संस्था |
| **१०. शिक्षा,संस्कृति, विज्ञानप्रविधि तथा सामाजिक विकास मन्त्रालय** | |
| **क्र.स** | **कार्यजिम्मेवारी** |
| १. | प्रदेशस्तरको विश्वबिद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति,कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३. | प्रदेशस्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालीम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण |
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६. | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता विकास र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७. | माध्यमिक तहको परीक्षा व्यवस्थापन |

| | |
|---|---|
| ८. | प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १०. | लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापना |
| ११. | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन,अनुसन्धान |
| १२. | लैङ्गिक उत्तरदायी बजेट तथा परीक्षण |
| १३. | वालवालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनस्थपना |
| १४. | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बाल बालिका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| १५. | समाजकल्याण र सङ्घसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| १६. | लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति,मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| १७. | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| १८. | प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीयतह सँग समन्वय |
| १९. | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी |
| २०. | भाषा, लिपि, संस्कृति, ललितकला, र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २१. | ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| २२. | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन एवं व्यवस्थापन |
| २३. | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहसिक र धार्मिक साँस्कृतिक सम्पदा,प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवं संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण |

| | |
|---|---|
| २४. | धर्म परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| २५. | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६. | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन |
| २७. | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| २८. | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| २९. | कार्यस्थल सुरक्षा, कारखाना निरिक्षण तथा नियमन |
| ३०. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार,सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, सर्वेक्षण र जनशक्ति विकास र उपयोग |
| ३१. | वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार,उन्नयन र विकास |
| ३२. | प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना,सञ्चालन र व्यवस्थापन |

**११. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

| **क्र.स** | **कार्यजिम्मेवारी** |
|---|---|
| १. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति तथा कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ३. | स्वास्थ्यसेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| ४. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| ५. | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथासंचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| ६. | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| ७. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| ८. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन |

| | |
|---|---|
| ९. | औषधी निगरानी, औषधीको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरण |
| १०. | खोप र परिवार नियोजन |
| ११. | संवेदनशील औषधी र अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| १२. | प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा प्रद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| १३. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| १४. | सूर्तीजन्य पदार्थ, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियममन |
| १५. | स्वास्थ्य क्षेत्रमाआपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन,आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामाग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| १६. | सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| १७. | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| १८. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| १९. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २०. | जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रदेश नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २१. | जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र स्वास्थ्य, जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी राष्ट्रिय र प्रादेशिक संस्थाहरुसँगको सम्पर्क र समन्वय |

आज्ञाले,

इन्दु घिमिरे

प्रदेश सरकारको सचिव

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु २५।-